नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ६७ २०७८ साल असोज १७ गते आइतबार (3 Oct. 2021 Sunday) मूल्य रु. ५/-

**वर्षातको समयमा सावधानी अपनाऔं**

- वर्षातको समयमा बाढी, पहिरो, डुबानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो जनधनको क्षति हुन सक्दछ ।
- बाढी, पहिरो, डुबानको जोखिम हुने स्थानहरुमा बस्ती नबसालौं ।
- बर्षातको समयमा हुने बाढी, पहिरोजस्ता जोखिम स्थानहरुको पहिचान गरी सुसूचित गराऔं ।
- स्थानीयस्तरमा आपतकालिन केन्द्रहरुको स्थापना गरी उद्धार टोली र राहत सामाग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : साताको शेयर बजार : २६ अर्ब ... ३ पृष्ठमा : आयल निगमको नोक्सान ... ३ पृष्ठमामोरक्कोका नागरिकलाई...

## बाल शिक्षक तथा कर्मचारीद्वारा दोश्रो चरणको आन्दोलन घोषणा

## आजदेखी राजविराज नगरपालिकको मूल गेटमै धर्ना दिने

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

बाल शिक्षक तथा कर्मचारीहरुले सरकारले गरेको व्यवस्था अनुसार स्थानीय तहले तलब सुविधा नदिएको भन्दै तीन बुँदे माग अघि सार्दै दोश्रो चरणको आन्दोलनको घोषणा गरेका छन् ।

असोज ७ गतेदेखी पहिलो चरणको आन्दोलनको घोषणा गरेका उनीहरुको माँग असोज १४ गतेसम्म पनि पूरा नभएपछि शनिबार पत्रकार सम्मेलनको आयोजना गरि दोश्रो चरणको आन्दोलनको घोषणा गरेका हुन् ।



आन्दोलन संघर्ष समितिकी संयोजक सुमित्रा दासले दोश्रो चरणको आन्दोलनका कार्यक्रमबारे शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिँदै । *तस्बिर : राजविराज दैनिक*

नेपाल पत्रकार महासंघ सप्तरीमा शनिबार आयोजित पत्रकार सम्मेलनमार्फत असोज १७ गते आइतबारदेखी निरन्तर रुपमा बिहान ११ बजेदेखी दिउँसो ३ बजेसम्म राजविराज नगरपालिकाको कार्यालयको मुल गेटमा धर्ना दिने कार्यक्रम तय भएको गठित आन्दोलन संघर्ष समितिकी संयोजक सुमित्रा दासले

*बाँकी तीन पृष्ठमा*

## अपहरणमा परेका भारतीय नागरिकको उद्धार

राजविराज, १६ असोज (रासस) ।

अपहरणमा परेका एक भारतीय नागरिकको नेपाल प्रहरीले उद्धार गरेको छ । अपहरणमा परेका भारत बिहारको मधुवनी लौकाहा ग्राम पञ्चायत-९ का २२ वर्षीय शङ्करकुमार साहको उद्धार गरिएको हो ।

सप्तरीको बलान बिहुल

*बाँकी दुई पृष्ठमा*




Rs. 5,98,900/- | Rs. 5,18,900/- | Rs. 3,91,900/- | Rs. 3, 65,900/- | Rs. 3,59,900/- | Rs. 3,19,900/- | Rs. 2,89,900/- | Rs. 2,74,900/- | Rs. 3,64,900/- | Rs. 3,43,900/- | Rs. 2,44,900/- | Rs. 2,25,900/- | Rs. 2,00,900/- Rs. 2,14,900/- | Rs. 1,89,900/-

SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No: 5330001/5368088
url: nepal.globalbajaj.com/en

/HHBajaj
/BajajNepal
/Company/Golchhagroup

Proud sponsor of: EPL

For more information about your nearest dealer please contact.
Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

## सम्पादकीय

### बाल शिक्षक तथा कर्मचारीको न्यायोचित मागप्रति सकारात्मक होऊ

बाल शिक्षक तथा कर्मचारीहरु अहिले आन्दोलित भएका छन् । विगत लामो समयदेखी न्युन तलब भत्तामा काम गर्दै आएका उनीहरुका लागि सरकारले चालु आर्थिक वर्षबाट १५ हजार तलब बृद्धि गरेको हो । तर, स्थानिय तहले उक्त तलब दिन नमानेकाले उनीहरु बाध्य भई आन्दोलित हुन पुगेका छन् । दुई हजार पाँच सय तलबबाट सुरु गरेका शिक्षकहरुलाई सरकारले न्युनतम ७ हजार गरेकोमा अहिले ८ हजार स्थानिय तहबाट उपलब्ध गराएर १५ हजार पुऱ्याएको हो । यद्दपी स्थानिय तहले ८ हजार रकम थप्न आनाकानी गरिरहेको अवस्था छ ।

शिक्षा क्षेत्रमा सबै भन्दा बढी महिनेत साना बालबालिकालाई नै पढाउन लाग्छ । बालबालिकाहरुको पढाई क,ख बाटै सुरु हुने हुँदा उनीहरुको हात समातेर शिक्षकहरुले बढो महिनेतका साथ सिकाउने गर्छन् । सुरुकै पढाई राम्रो ढंगबाट सुरुवात गर्न सकिए बालबालिकाहरु माथिल्लो कक्षामा दक्ष हुन्छन् । त्यसका लागि शिक्षकहरुले पनि निकै महिनेत गर्नुपर्छ । कडा महिनेतका लागि शिक्षकहरुको सेवा, सुविधा तथा पारिश्रमिक पनि उचित भएमा मात्र विद्यार्थीप्रति ध्यान पुग्ने कुरामा दुई मत नहोला ।

तसर्थ सम्बन्धीत निकायले बाल शिक्षक तथा कर्मचारीहरुको परिश्रमको कदर गर्दै राज्यबाट तोकिएको उचित तलबको व्यवस्था मिलाउनु ढिलाई गर्नु हुँदैन् । सरकारले बजेट भाषणमार्फत न्यूनतम तलब तोकिए बमोजिमको पारिश्रमिक उपलब्ध गराउन स्थानिय तहले तदारुकता देखाउनु आवश्यक छ ।

# साताको शेयर बजार : २६ अर्ब बढीको कारोबार

काठमाडौँ, १६ असोज (रासस) ।

धितोपत्र बजारमा यस साता शेयर कारोबार मापक नेप्से परिसूचक उतारचढावपूर्ण अवस्थामा रह्यो । सातामा पाँच दिन शेयर कारोबार भए । त्यसमा चार दिन नेप्से परिसूचक ओरालो लाग्यो भने एक दिन मात्रै उकालो यात्रा तय गऱ्यो ।

झण्डै तीन हजार ३०० बिन्दु नजिक पुगेको नेप्से ओरालो लागेर दुई हजार ६०० मा ओर्लेको छ । पछिल्ला दिनमा लगानीकर्ताको मनोविज्ञानमा पनि केही नकारात्मक प्रभाव परेको टिप्पणी पनि सुनिएको छ । यस्तै नेपाल राष्ट्र बैंकले शेयर कर्जामा लगाएको सीमा, बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव तथा व्याजदरमा भएको वृद्धिका कारण पनि शेयर बजारमा केही न केही प्रभाव परेको देखिन्छ ।

एकाध मानिसले ठूलो परिमाणमा शेयर कर्जा लिएको तथ्य पनि सार्वजनिक भएको छ । यस्तै लगानीकर्ताका केही सङ्घ तथा सङ्गठनले आन्दोलनका कार्यक्रम जारी राखेका कारण बजारले सोचेजति गति लिन नसकेको देखिन्छ । साताभर कूल २३३ कम्पनीको शेयर कारोबार भयो । साताभर कूल पाँच करोड ५२ लाख २२ हजार ६५७ कित्ता शेयर रु २६ अर्ब नौ करोड ५१ लाख ६३ हजार ६५४ मूल्यमा खरिद बिक्री भए ।

शेयर कारोबार हुने साताको पहिलो आइतबार नेप्से परिसूचकमा उच्च अङ्कले घट्यो । नेपाल स्टक एक्सचेञ्जका अनुसार त्यस दिन नेप्से परिसूचक ६१.२७ बिन्दुले घटेर दुई हजार ७५८.४८ मा ओर्लियो । यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १०.७० बिन्दुले घटेर ५१९.३६ मा सीमित भयो । कूल २३३ कम्पनीको एक करोड ४४ लाख ९४ हजार २६० कित्ता शेयर रु छ अर्ब ५० करोड एक लाख १७ हजार ७८० मा खरिद बिक्री भए । त्यसदिनको कारोबारपछि बजार पूँजीकरण रु ३८ खर्ब ६१ अर्ब ३७ करोड २७ लाख ६० हजारको हाराहारीमा ओर्लियो ।

आइतबार सामूहिक लगानी कोषबाहेक अरु १२ उपसमूहको शेयर ओरालो लागे । कारोबारका आधारमा अरुण भ्याली हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा रही रु ३३ करोड ९५ लाख ७३ हजार ६५५ बराबरको खरिद बिक्री भयो । सोमबार नेप्से परिसूचक उच्च अङ्कले ओरालो लाग्यो । त्यसदिन नेप्से परिसूचक ७३.०५ अङ्कले ओरालो लागेर दुई हजार ६८५.४१ मा ओर्लियो । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १२.९४ अङ्कले घटेर ५०६.३३ मा सीमित भयो ।

कूल २२७ कम्पनीको एक करोड चार लाख ७८ हजार ६८ कित्ता शेयर रु पाँच अर्ब १२ करोड नौ लाख ७३ हजार ९६ मा खरिद बिक्री भए । सोमबारको कारोबारपछि बजार पूँजीकरण रु ३७ खर्ब ५९ अर्ब ११ करोड २३ लाख ९० हजार बराबर पुगेको थियो । त्यसदिन १३ वटै उपसमूहको शेयर ओरालो लाग्यो । कारोबारका आधारमा अरुण भ्याली हाइड्रोपावर शीर्ष स्थानमा रही रु १५ करोड ४९ लाख ७१ हजार २३० बराबरको कारोबार भयो । मङ्गलबार नेप्सेमा पहिरो लाग्यो भने बजार पूँजीकरण पनि घट्यो । त्यसदिन नेप्से ओरालो लागेर दुई हजार ६१५.४० मा ओर्लियो ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११.४२ अङ्कले घटेर ४९४.९१ मा ओर्लियो । कूल २१८ कम्पनीको एक करोड ३० लाख ३४ हजार ८२८ कित्ता शेयर रु पाँच अर्ब ७४ करोड ५४ लाख ८८ हजार १७९ मा खरिद बिक्री भए । मङ्गलबारको कारोबारपछि बजार पूँजीकरणसमेत घटेर रु ३६ खर्ब ६१ अर्ब चार करोड ९८ लाख ७० हजारको हाराहारीमा पुग्यो । त्यसदिन कारोबार भएका १३ वटै उपसमूहको शेयर ओरालो लाग्यो ।

कारोबारका आधारमा शीर्ष स्थानमा रहेको कुमारी बैंकमा रु १८ करोड ८२ लाख २७ हजार २९६ बराबरको खरिद बिक्री भयो । बुधबार नेप्से परिसूचक ५०.५८ अङ्कले उकालो लागेर दुई हजार ६६५.९३ मा पुग्यो । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ८.५८ अङ्कले उकालो लागेर ५०३.४६ मा पुग्यो । नेप्से उकालो लागे पनि कारोबार रकम भने उकालो लागेन । कूल २२९ कम्पनीको ९८ लाख ९४ हजार ४७८ कित्ता शेयर रु पाँच अर्ब दुई करोड ८५ लाख ५५ हजार ९२ मा खरिद बिक्री भए । बुधबारको कारोबारपछि बजार पूँजीकरण रु ३७ खर्ब ३१ अर्ब ८४ करोड ८१ लाख ६० हजारको हाराहारीमा पुग्यो ।

त्यस्तै साताको अन्तिम दिन बिहीबार नेप्सेमा ३२ अङ्कको गिरावट आयो । नेप्से परिसूचक ३२.५१ अङ्कले घटेर दुई हजार ६३३.४२ अङ्कमा पुग्यो । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ६.४१ अङ्कले घटेर ४९७.०५ अङ्कमा पुग्यो । नेप्से ओरालो लागेसँगै कारोबार रकम पनि ओरालो लागेको छ । कूल २२५ कम्पनीको ७३ लाख २१ हजार १४ कित्ता शेयर रु तीन अर्ब ७० करोड २९ हजार ५०७ मूल्यमा खरिद बिक्री भयो । कारोबार भएका १३ उपसमूहमध्ये त्यसदिन तीन उपसमूहको शेयर उकालो लाग्यो भने १० उपसमूहको शेयर ओरालो लाग्यो । शेयर कारोबार हुने साताको अन्तिम दिनमा आइपुग्दा बजार पूँजीकरण घटेर रु ३६ खर्ब ८६ अर्ब ३३ करोड आठ लाख ३० हजारको हाराहारीमा ओर्लियो ।

### अपहरणमा ...


गाउँपालिका-५ रामनगर कोदरकट्टीमा खुट्टामा साङ्लोले बाँधिएको अवस्थामा प्रहरीले साहको उद्धार गरिएको सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिनुभयो । नेपाल-भारत सीमाअन्तर्गत रामनगर कोदरकट्टीमा झाडीमा खुट्टामा साङ्लोले बाँधी लडाईं राखिएको अवस्थामा साह भेटिएका हुन् ।

साहलाई अज्ञात समूहले अपहरण गरी नेपालको दशगजा ल्याएको भारतीय सुरक्षाकर्मीले सूचना दिएपछि सशस्त्र प्रहरी निरीक्षक लालबहादुर खड्काको नेतृत्वमा खटिएको टोलीले उनको उद्धार गरेको हो । उक्त स्थानमा एक थान मोबाइल सेट पनि भेटिएको श्रेष्ठले बताउनुभयो । अपहरणमा परेका साहलाई जिल्ला प्रहरी कार्यालयमा बुझाइएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



# आयल निगमको नोक्सान चुलियो

काठमाडौँ, १६ असोज ( रासस) ।

इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट नयाँ मूल्यसूची प्राप्त भएसँगै नेपाल आयल निगमको नोक्सानी थप बढ्ने देखिएको छ । अक्टोबर १ मा आइओसीबाट प्राप्त मूल्यसूचीका आधारमा १५ दिनमा इन्धन बिक्रीबाट रु एक अर्ब ५० करोडभन्दा बढी नोक्सान हुने निगमको प्रक्षेपण छ ।

आइओसीले पठाएको नयाँ मूल्य र नेपालभित्र लाग्ने कर तथा अन्य विभिन्न लागत जोड्दा निगमलाई प्रतिलिटर पेट्रोलमा १३९.१८ रुपैयाँ, डिजेलमा १२०.०१ रुपैयाँ, मट्टितेलमा ९३.९४ रुपैयाँ, आन्तरिक उडानमा प्रयोग हुने हवाई इन्धनमा ८४.०७ रुपैयाँ, बाह्य उडानमा प्रयोग हुने हवाई इन्धनमा ७६.४४ रुपैयाँ र खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिन्डर एक हजार ९६१.८८ रुपैयाँ लागत पर्ने देखिएको छ ।

निगमले पछिल्लो समय गत भदौ ७ गते पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको थियो । यसअनुसार प्रतिलिटर पेट्रोलको रु १३०, डिजेल र मट्टितेलको रु ११३, आन्तरिक हवाई इन्धनको रु ८६ र खाना पकाउने ग्यास प्रतिसिलिन्डर रु एक हजार ४५० मूल्य तोकिएको छ । उल्लेखित मूल्यका आधारमा अहिले निगमलाई प्रतिलिटर पेट्रोलमा ९.१८ रुपैयाँ नोक्सान, डिजेलमा ७.०१ रुपैयाँ नोक्सान, मट्टितेलमा १९.५९ रुपैयाँ नाफा, आन्तरिक हवाई इन्धन १.९३ रुपैयाँ, बाह्य हवाई इन्धनको १५.१० रुपैयाँ नाफा र खाना पकाउने ग्यास प्रतिसिलिन्डर ५११.८८ रुपैयाँ नोक्सानको अवस्था छ ।

निगमलाई नाफा भएका मट्टितेल तथा हवाई इन्धनको माग तुलनात्मकरुपमा कम रहेको र नोक्सानीका अवस्थामा रहेको पेट्रोल, डिजेल र खाना पकाउने ग्यासको माग अत्यधिक भएका कारण यही मूल्यमा बिक्री गर्दा निगमलाई १५ दिनमा मात्रै एक अर्ब ५० करोड ७३ लाख रुपैयाँ नोक्सान हुने प्रक्षेपण गरिएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले बताउनुभयो ।

**बढ्दै नोक्सानी**

प्रवक्ता उपाध्यायका अनुसार अन्तर्राष्ट्रिय बजारमा पछिल्लो समय फेरि मूल्य बढ्न थालेको छ । अहिले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य ८० डलर प्रतिब्यारेलको हाराहारीमा पुगेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेसँगै त्यसले निगमको घाटा वृद्धिमा भूमिका खेलेको छ ।

निगमले भदौ ७ गते पछिल्लोपटक मूल्य समायोजन गर्दा अन्तर्राष्ट्रिय बजारको मूल्य केही घटेको अवस्था थियो । अन्तर्राष्ट्रिय बजार मूल्य घटे पनि निगमको लागत मूल्यभन्दा कम नभएपछि निगमले मूल्य बढाएको थियो । अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा पनि नेपाली बजारको मूल्य बढेको भन्दै त्यतिबेला निगमको आलोचनासमेत भएको थियो । यद्यपि त्यो समायोजनले निगमको नोक्सान मासिक पाक्षिक ८४ करोडको हाराहारीमा झारेको थियो । तर, आइओसीले त्यसपछि दुई पटक मूल्य बढाएर मूल्यसूची पठाएको छ । सेप्टेम्बर १ तारिख र अक्टोबर १ तारिखका दिन पठाएको मूल्यसूचीका आधारमा सबै प्रकारका इन्धनको मूल्य बढेको छ । सबैभन्दा बढी मूल्यवृद्धि डिजेलमा भएको छ । डिजेलमा प्रतिलिटर ७.१४ रुपैयाँ मूल्य बढ्दा हवाई इन्धनमा प्रतिलिटर ६.९७ रुपैयाँ, पेट्रोलमा ४.०९ रुपैयाँ र मट्टितेलमा ३.५६ रुपैयाँ मूल्य बढेर आएको छ । एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर १५.६९ रुपैयाँले बढेको निगमले जनाएको छ ।

सेप्टेम्बर १६ तारिखका दिन प्राप्त भएको मूल्यसूचीमा सेप्टेम्बर १ तारिखको भन्दा मूल्य बढेर आएको थियो । त्यो मूल्यका आधारमा निगमले १५ दिनमा एक अर्ब पाँच करोड नोक्सानीको प्रक्षेपण गरेको थियो । यद्यपि त्यसपटक निगमले मूल्य समायोजन गरेन । अहिले बढेर आएको मूल्यका आधारमा निगमको नोक्सान बढेर डेढ अर्ब नाघेको छ ।

निगमका प्रवक्ता उपाध्याय निरन्तरको नोक्सानीले निगमको वित्तीय अवस्था धरासायी बन्दै गएको बताउँछन् । "अन्तर्राष्ट्रिय मूल्य र आन्तरिक कर तथा लागतले निगमको लागत मूल्य बढ्दै गएको छ, तर मूल्य लागत मूल्यभन्दा कम मूल्यमा इन्धन बेच्नुपर्दा नोक्सान बढ्दै गएको छ", प्रवक्ता उपाध्यायले भन्नुभयो, "यसरी नोक्सान बढ्दै जाँदा निगमले वित्तीयरुपमा धरासायी हुँदै जान्छ, त्यसैले पनि निगम मूल्य समायोजन गर्नैपर्ने बाध्यतामा छ ।"

## *बाल शिक्षक तथा ...*

जानकारी दिइन् ।

समितिले नेपाल सरकारद्वारा आर्थिक वर्ष २०७८/७९ को बजेट अनुसार सामुदायिक विद्यालयमा कार्यरत बाल शिक्षक र विद्यालय कर्मचारीहरुको तलब सुविधा उपलब्ध गराउनु पर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको छुट प्राविधिक ग्रेड तथा सामुदायिक विद्यालयमा कार्यरत भई अनिवार्य अवकाश तहत सेवा निवृत भएका शिक्षकहरुको छुट प्राविधि ग्रेड समेत उपलब्ध गराउन माग राखेको छ ।

यसअघि असोज ४ गते राजविराज नगरपालिकाको कार्यालयलाई ज्ञापनपत्र तथा जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई र जिल्ला समन्वय समितिमा सोको बोदार्थ पत्र बुझाउँदै आन्दोलनका कार्यक्रम उनीहरुले सार्वजनिक गरेका थिए ।

सो ज्ञापन पत्रमार्फत नै आन्दोलन कार्यक्रम सार्वजनिक गरेका उनीहरुले असोज ८ गते कालोपटी बाधेर पठनपाठनमा सहभागि, असोज ९ गते सरोकारवालाहरुलाई राखेर अन्तरक्रिया तथा असोज १० गते पेनडाउन र पूर्व घोषित कार्यक्रम अनुसार सोमबार र मंगलबार राजविराज नगरपालिका कार्यालयमा धर्ना बसेका थिए ।

संघर्ष समितिका संयोजक दासले सरकारद्वारा बाल शिक्षक र विद्यालय कर्मचारीको तलब मासिक १५ हजारका दरले कायम गरिए पनि आफूहरु सो सेवा सुविधाबाट बञ्चित रहेको र यसबारे पटक पटक नगरपालिकाको ध्यानाकर्षण गराउँदा पनि आश्वासन बाहेक केही पाउन नसकेको गुनासो पोखिन ।

राजविराज नगरपालिकामा ७८ जना बाल शिक्षक तथा ४२ जना कर्मचारीहरु रहेको जानकारी दिँदै संघर्ष समितिकी संयोजक दासले आइतबारदेखी दिने धर्ना कार्यक्रममा विद्यालयको पठनपाठनमा कुनै अवरोध नगरि पालो पालै गरि धर्नामा बस्ने व्यवस्था मिलाएको बताइन् ।

जिल्लाको १८ वटा स्थानिय तह मध्ये रुपनी गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, राजगढ गाउँपालिका, विष्णुपुर गाउँपालिका, महदेवा गाउँपालिका, सुरुङ्गा नगरपालिका र बोदेबरसाइन नगरपालिका गरि ७ वटा स्थानिय तहले मात्र बाल शिक्षकहरुको तलब १५ हजार लागु गरेको शिक्षक महासंघका केन्द्रिय महासचिव पर्शुराम यादवले जानकारी दिँदै बाँकी रहेका ११ वटा स्थानिय तह मध्ये राजविराज र खडक नगरपालिकामा संघर्ष समितिले माग पूरा गराउन आन्दोलन गरिरहेको बताए ।

आयोजित पत्रकार सम्मेलनमा यसबारे सर्वोच्च अदालतमा मुद्दा हाल्दा आफूहरुको पक्षमा फैसला भएपनि कार्यान्वयनमा राजविराज नगरपालिकाले चासो नदेखाएको गुनासो पोख्दै न्यायोचित माग पूरा गराउन आन्दोलनको बाटो रोज्न बाध्य भएको शिक्षक तथा कर्मचारीको भनाई थियो ।

आन्दोलन बारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा शिक्षक महासंघ सप्तरीका अध्यक्ष दिनेश प्रसाद यादव, शिक्षक संघका जिल्ला अध्यक्ष शैलेन्द्र कुमार मण्डल, विद्यालय कर्मचारीका अध्यक्ष भगवति चौधरी, चुनचुन यादव, विश्वनाथ भदेश्वार यादव लगायत आन्दोलित शिक्षक तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




## विश्व समाचार

### मोरक्कोका नागरिकलाई कोरोनाभाइरविरुद्ध तेस्रो खोप

बरात, १६ (रासस/सिन्ह्वा) ।

मोराक्कोका नागरिकलाई कोरोनाभाइरस विरुद्ध तेस्रो खोप दिइने भएको छ ।

महामारीबाट आफ्ना नागरिकलाई जोगाउनका लागि सरकारले तस्रो चरणको खोप लगाउने व्यवस्था गर्न लागेको हो ।

मोरक्कोको स्वास्थ्य मन्त्रालयले शुक्रबार दिएको जानकारीअनुसार विज्ञ तथा सरोकारवालाको सिफारिसका आधारमा यस्तो निर्णय गरिएको हो ।

यसलाई राष्ट्रिय खोप अभियानकै एउटा अङ्गको रुपमा लागू गरिने पनि अधिकारीले जानकारी दिएका छन् ।

आफ्ना नागरिकलाई मात्रै नभई मोरक्कोमा बस्ने विदेशी नागरिकलाई पनि खोपको व्यवस्था गरिने उनीहरूले बताएका छन् ।

उत्तर अमेरिकी मुलुक मोरक्कोमा यसअघि पहिलो खोप अभियान भने गत जनवरी २८ मा शुरु भएको थियो । त्यहाँ शुरुमा चिनियाँ सिनोफर्म खोप लगाइएको थियो ।

सरकारी अधिकारीले शुक्रबार दिएको जानकारीअनुसार अहिलेसम्म मोरक्कोमा दुई करोड २७ लाख १९ हजार ८६ जनाले पहिलो मात्रा खोप लगाएका छन् ।

तीमध्ये एक करोड ९१ लाख ९७ हजार ९१६ जनाले दुवै खोप लगाएका छन् । मोरक्कोमा शुक्रबार मात्रै थप ९३६ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । योसँगै कुल सङ्क्रमितको सङ्ख्या नौ लाख ३४ हजार सात पुगेको छ ।

मन्त्रालयका अनुसार कोरोनाभाइरसका कारण मोरक्कोमा अहिलेसम्म १४ हजार २९० जनाको मृत्यु भएको छ । तीमध्ये २३ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो ।

मोरक्कोमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकामध्ये ८३५ जना अति सघन कक्षमा उपचाररत छन् ।

### बेलायतमा सङ्क्रमितको सङ्ख्या घटेन

लण्डन, १६ असोज (रासस/सिन्ह्वा) ।

बेलायतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा कमी आएको छैन ।

सरकारी अधिकारीले दिएको पछिल्लो जानकारीअनुसार थप ३५ हजार ५७७ जना एकै दिनमा सङ्क्रमित भएका छन् ।

बेलायतमा अहिलेसम्म कुल ७८ लाख ४१ हजार ६२५ जना सङ्क्रमित भएको स्वास्थ्य मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

पछिल्लो एक दिनमा कोरोना भाइरसका कारण मात्रै १२७ जनाको मृत्यु भएको अधिकारीले जानकारी दिएका छन् । योसँगै बेलायतमा अहिलेसम्म कोरोनाका कारण एक लाख ३६ हजार ७८९ जनाको मृत्यु भएको छ ।

बेलायतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएका मध्ये छ हजार ७३३ जना अझै पनि अस्पतालमै उपचाररत छन् ।

बेलायतका १६ वर्ष माथिका झण्डै ९० प्रतिशतले पहिलो खोप छन् भने ८२ प्रतिशतले दुवै खोप लगाएका छन् ।

धेरैले खोप लगाएकाले बेलायतसँगै चीन, जर्मनी, रुस, अमेरिकालगायतका धेरै देशमा दैनिकी सामान्य हुँदै गएको छ तर तीमध्ये कतिपय देशमा महामारी फैलिइरहेको छ ।

### भारतमा कोभिडका थप २४ हजार सङ्क्रमित

नयाँदिल्ली, १६ असोज (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट थप २४ हजारभन्दा बढी सङ्क्रमित भएका छन् ।

सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा २४ हजार ३५४ जना सङ्क्रमित भएका हुन् । अघिल्लो दिन शुक्रबार बिहान सार्वजनिक जानकारीअनुसार पछिल्लो एक दिनमा २६ हजार ७२७ जना नयाँ सङ्क्रमित थपिएका थिए । शुक्रबारको विवरणमा भन्दा शनिबारको विवरणमा सङ्क्रमितको सङ्ख्या घटेको देखिएको छ ।

यसअघि दैनिक सङ्क्रमितको सङ्ख्या १८ हजारको हाराहारीमा पुगेकोमा अहिले फेरि बढेको हो ।

सङ्क्रमित र मृत्यु भएका मध्ये धेरै केरला राज्यका रहेका छन् । अन्य क्षेत्रमा महामारी कम हुँदै गएपनि केरलामा भने बढ्दै गएको छ ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या दुई लाख ७३ हजार ८८९ रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार यो सङ्ख्या १९७ दिनपछिकै सबैभन्दा कम हो ।

भारतमा पछिल्लो समय दैनिक सङ्क्रमित र सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको तथ्याङ्कले देखाएको छ ।

दैनिक सङ्क्रमितको सङ्ख्याभन्दा दैनिक सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको हो ।

पछिल्लो २४ घण्टामा २४ हजार सङ्क्रमित हुँदा २५ हजार ४५५ जना सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ३० लाख ६८ हजार ५९९ रहेको अधिकारीले जनाएका छन् ।

भारतको चिकित्सा अनुसन्धान परिषद्ले शुक्रबार एक दिनमा एक करोड ४२ लाख ९२ हजार ५४८ जना कोरोना परीक्षण गरिएको जनाएको छ । योसँगै भारतमा अहिलेसम्म ५७ करोड १९ लाख ९६ हजार ९९० जनाको परीक्षण गरिएको छ ।

# गेष्ट हाउसको बिल भुक्तानी नगरी झा भागेको आरोप



गेष्ट हाउसका संचालक सुभाष धिताल

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सप्तरीका एक व्यक्तिले काठमाडौंस्थित एक गेष्ट हाउसमा दुई महिना भन्दा बढी समय बसेर बिलको भुक्तानी नदिएको भन्दै ती व्यक्तिलाई खोज्दै गेष्ट हाउस संचालक सप्तरी आइपुगेका छन् ।

काठमाडौंको गौशालास्थित ग्रिन होम गेष्ट हाउसका संचालक सुभाष धिताल ती व्यक्तिलाई खोज्दै सप्तरी आईपुगेका हुन् ।

सप्तरी आइपछि संचालक धितालले शनिबार नेपाल पत्रकार महासंघ सप्तरी शाखमा पत्रकार सम्मेलनको आयोजना गरि ती व्यक्ति बारे जानकारी गराएका छन् ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका ३ पातो निवासी अशोक झा भन्ने व्यक्ति गत मंसिर २० गतेदेखी माघ २९ गतेसम्म गेष्ट हाउसमा बसेको तथा उक्त समयमा खाना र बसाई समेतको गरि ६३ हजार रकमको बिल भएको हुँदा गेष्ट हाउसमा कुनै जानकारी नदिई भागेको संचालक धितालले आरोप लगाए ।

मोरङको शनिश्चरे ३ निवासी गेष्ट हाउस संचालक धितालले ग्राहक झा आफूसहित छोरी समेतलाई गेष्ट हाउमा आएर खाना खाएको र आफू सप्तरीको पत्रकार हुँ भन्दै बताउँदै आएको जानकारी दिए ।

यस बारे प्रहरीमा समेत उजुरी दिने उनले जानकारी दिदै न्यायका लागि पहल गरिदिन संचारकर्मीसँग आग्रह समेत गरे ।

# अख्तियारको छापा बिरुद्ध जसपा युवा बिद्यार्थीद्वारा मसाल जुलुस प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मारेको छापा बिरुद्ध जनता समाजवादी पार्टी ( जसपा) नेपालले शनिबार मसाल जुलुस प्रदर्शन गरेको छ ।

जसपा निकट युवा बिद्यार्थीहरूले अख्तियारले मारेको छापाप्रति आपत्ति जनाउदै शनिवार राजबिराजमा मसाल जुलुस प्रदर्शन गरेको हो ।

स्थानिय शिवमन्दिरको प्राङ्गणबाट जसपा निकट युवा बिधार्थीहरूले निकालेको मसाल जुलुस दशन चौकमा कोण सभामा परिणत भएको थियो ।

कोण सभामा बोल्दै युवा बिधार्थीका जिल्ला अध्यक्ष शम्भु कुमार यादबले अख्तियारले प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पूर्वाग्राही भई अमर्यादित तरिकाले छापा मारेको आरोप लगाए ।

उनले हालै अख्तियारले प्रदेश २ मा जनताबाट निर्वाचित मुख्यमन्त्रीको कार्यालयमा 'बेटी पढाउ, बेटी बचाउ' जस्तो जनलोकप्रिय कार्यक्रमलाई बदनाम गराउन छापामार शैलीमा छिरेर सरकार प्रमुखको गरिमामा नै आघात पुऱ्याउने कार्य अत्यन्त आपत्तिजनक र दुराशयपूर्ण रहेको बताए ।


छापाप्रति आपत्ति, पूर्वाग्राही र अमर्यादित भएको ठहर गर्दै उनले जसपा नेपाल सधै अनियमितता, भ्रष्टाचार, कमिशनतन्त्र, माफियातन्त्र र लूटतन्त्रको विरुद्ध सुशासन र सदाचारको पक्षमा रहेको बताए ।

जसपाका महिला नेतृ रंगिला साहले राजनीतिक प्रतिशोधकै कारण विभेदपूर्ण तरिकाले छापा मारेको छ, 'राज्यको सम्पूर्ण तह र निकायहरुमा हुने गरेका अनियमितता र भ्रष्टाचारलाई नियन्त्रण गर्नेप्रति पार्टी प्रतिबध रहेको बताईन ।

यसैगरी अर्का नेतृ गिता यादबले आयोगले भ्रष्टाचार विरुद्ध अनुसन्धान गर्न पाउने हो, तर अमर्यादित र विद्वेषपूर्ण तथा सामूदायिक एवम् राजनीतिक प्रतिशोध र पूर्वाग्रहपूर्ण भावनाले गरिएको उक्त कार्य गलत रहेको बताईन ।

कोण सभामा बिद्यार्थी नेता तारकेश्वर यादब, सत्येन्द्र यादब, श्याम यादब, केदार यादब मबिव क्याम्पस ईन्चार्ज रंजित यादब लगायतले बोलेका थिए ।

गत बुधवार अख्तियारको बर्दिवासस्थित टोलीले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा छापा मारेको थियो भने 'बेटी पढाउ, बेटी बचाउ' अभियान अन्तरगत साइकल बितरण सम्बन्धी सम्पूर्ण कागजात समेत लगेको छ ।







देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit · CITY EXPRESS Money Transfer · Best Remit Quick & Easy · PRABHU Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*